# नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड
# NADEP Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत पत्र प्राप्त राष्ट्रियस्तरको संस्था)
केन्द्रीय कार्यालय, गजुरी-१, धादिङ्ग
फोन नं. ०१०-४०२१११, ४०२१२४, फ्याक्सः ०१०-४०२१११

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०९/२१

आदरणीय शेयरधनी महानुभावहरू,

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८ पौष २० गते मङ्गलवार बसेको सञ्चालक समितिको १५३ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्था लिमिटेडको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकाले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । हाल विश्वभर फैलिएको कोभिड-१९ महामारीको जोखिम कायमै रहेकोले शेयरधनीहरूको उपस्थितिको लागि भर्चुअल (Virtual) माध्यमको व्यवस्था मिलाईएको हुँदा विधुतीय माध्यमबाट सभामा भाग लिई दिनुहुन समेत अनुरोध छ ।

**मिति : वि.सं. २०७८ माघ १४ गते, शुक्रबार (सन् २८ जनवरी २०२२)**

**समय : बिहान ११:०० बजेदेखि ।**

**स्थान : नौविसे एग्रो रिसोर्ट, नौविसे धादिङ ।**

**माध्यम : अनलाईन (Zoom Meeting) मार्फत सञ्चालन हुने ।**

साधारण सभामा भिडियो कन्फ्रेन्स (Zoom Meeting) मार्फत सहभागी हुन शेयरधनी महानुमावहरूलाई (Zoom ID passcode) उपलब्ध गराईने छ ।

**छलफलका विषयहरु :**

**क) साधारण प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७७।७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने,

२) लेखापरीक्षकको वार्षिक प्रतिवेदन सहितका आ.व. २०७७।७८ सम्मको वासलात तथा नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको बार्षिक वित्तीय प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पुंजी ४० करोड ४८ लाखको १.०५३ प्रतिशतले हुन आउने रू ४२,६१,०५२।६३ (अक्षरेपी बयालिस लाख एकसठ्ठी हजार बाउन्न रूपैयाँ त्रिसठ्ठी पैसामात्र) कर प्रयोजनको लागि नगद लाभांश वितरण गर्ने,

४) वित्तीय संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८।७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, (वर्तमान लेखापरीक्षक श्री बि.आर.एस. न्यौपाने एण्ड कम्पनी, कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागि योग्य रहेको) ।

५) यस वित्तीय संस्थाको समूह "क" संस्थापक सदस्यहरू मध्येबाट ४ जना सञ्चालकहरूको निर्वाचन गर्ने,

**ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पुंजी ४० करोड ४८ लाखको २० प्रतिशतले हुन आउने रकम रू ८,०९,६०,०००।- (अक्षरेपी आठ करोड नौ लाख साठी हजारमात्र) बोनस शेयर पारित गर्ने र यस सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम वितरण गर्ने,

२) बोनस शेयर जारी पछि वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा तथा नियमावलीमा उल्लेख भएको पुंजी संरचनामा देहाय बमोजिम हुने गरि संशोधन गर्ने ।
जारी पुंजी : रू. ४८,५७,६०,०००।- (अक्षरेपी रू. अठचालीस करोड सन्ताउन्न लाख साठी हजार)
चुक्ता पुंजी : रू. ४८,५७,६०,०००।- (अक्षरेपी रू. अठचालीस करोड सनताउन्न लाख साठी हजार)

३) डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा समझदारी पत्र (MOU) भई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमती (LOI) प्राप्त भएकोमा शेयर संरचना र कर्मचारी पद समायोजनमा दुवै वित्तीय संस्था समझदारीमा पुग्न नसकेकोले दुबै वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक समक्ष सैद्धान्तिक सहमती (LOI) बदर गर्न अनुरोध गरे अनुसार नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति (LOI) बदर भई आएकोले सो सम्बन्धमा भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने ।

४) सञ्चालकहरूको बैठक भत्ता र अन्य सुविधाहरूको विषयमा छलफल गरी नियमावलीको नियम ३२(१)(ख) मा संशोधन गर्ने,

५) यस वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ति) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्यांकनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६) उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरूप प्रचलित कानूनको अधिनमा रही कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने,

**ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**बार्षिक साधारण सभा सम्बन्धी जानकारी :**

१) यस वित्तीय संस्थाको मर्जर/प्राप्ति प्रक्रियाको लागि मिति २०७७।०९।१६ गतेदेखि शेयर कारोवार रोक्का रहेकोले सातौं बार्षिक साधारण सभामा शेयर दाखिला खारेज बन्द यथावत रहनेछ ।

२) संस्थाको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूको लागि संस्थाको वेब साईट www.nadeplaghubitta.com मा राखिनेछ सोबाट विस्तृत विवरणहरू हेर्न सकिनेछ ।

३) नावालक तथा अशक्त शेयरधनी महानुभावहरूको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता रहेका व्यक्तिले मात्रै भाग लिन वा प्रतिनिधि तोक्न पाउने छन ।

४) हाल देशमा फैलिएको कोरोना भाईरस (Covid-19) का कारण प्रतिकुल अवस्था सृजना भएकोले शेयरधनी महानुभावहरूको स्वास्थ्य तथा सुविधालाई ध्यानमा राखी भिडियो कन्फरेन्स्को माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईनेछ । भिडियो कन्फरेन्स् मार्फत भाग लिन र आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले subedibaburam38@gmail.com मा इमेल गरी वा फोन नं. ०१०-४०२१११, ४०२१२४ मा सम्पर्क गरी आफ्नो नाम, ठेगाना र DEMAT Number सहित साधारण सभा हुनुभन्दा २४ घन्टा अगाडि टिपाउनु पर्नेछ । प्राप्त सूचनाको आधारमा शेयरधनी महानुभावलाई ZOOM meeting ID passcode उपलब्ध गराई सहभागी हुने व्यवस्था मिलाईनेछ । सभा हुनुभन्दा ३० मिनेट अगाडिबाट भर्चुअल माध्यमबाट उपस्थिती हुने व्यवस्था गराईने छ ।

५) समुह "क" संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन सम्बन्धी कार्यक्रम निवाचन अधिकृतबाट मिति २०७८।०९।२९ गते यस वित्तीय संस्थाको सूचना पाटीमा प्रकाशन गरिने छ।

६) नाडेप लघुवित्त वित्तीय संस्थाको निर्वाचन सम्वन्धी निर्देशिका यस संस्थाको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

८) अन्य जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय गजुरी, धादिङ्गको फोन नं. ०१०-४०२१११, ४०२१२४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।